सियारी गाउँपालिका

Siyari Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

# Office Of Rural Municipal Executive

हलैया, रुपन्देही

Halaiya, Rupandehi

च.नं. / Dispatch no.:

प.स. / Ref.no.: २०८०/०८१

लुम्बिनी प्रदेश, नेपाल

Lumbini Province, Nepal

मितिः२०८०/०८/०८

## हरित रोजगार व्यवसायी गर्न इच्छुक व्यक्तिहरु छनोट सम्बन्धी १० दिने सार्वजनिक सूचना।

सियारी गाउँपालिका र सि.डि.एम. नेपाल बिच भएको सम्झौता अनुसार सामुदायिक उत्थानशिल परियोजना अन्तर्गत हरित रोजगार व्यवसायी गर्न २० जना इच्छुक व्यक्तिहरु छनोट गर्नुपर्ने भएकोले निम्नानुसार योग्यता पुगेका निम्नानुसारको हरित रोजगार व्यवसाय गर्न इच्छुक व्यक्तिहरुले सूचना प्रकाशन भएको १० दिन भित्र आवेदन फारम भर्नुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

हरित रोजगार व्यवसाय गर्न इच्छुक व्यक्तिहरुको हुनुपर्ने योग्यताः

**चयन मापदण्ड**

१. स्थानीय मापदण्ड भएका युवाहरु, एउटै इलाकामा हरित काम/व्यवसाय स्थापना गर्न र सञ्चालन गर्न इच्छुक।

२. जोखिममा परेका, गरिब र सिमान्तकृत परिवारको प्रतिनिधित्व गर्ने।

३. लक्षित ग्रामिण/ गाउँपालिका भित्रका चयन गरिएका वडाहरुबाट १६ देखि २४ वर्षउमेर समुहका इच्छुक युवाहरु।

४.जलवायु प्रभावको उच्च जोखिममा हुन पर्दछ वा जोखिमा पर्ने सम्भावना,जोखिमम स्थानको कोही स्कुल/कलेज छोडेको युवा हुनपर्छ।

५. प्रति व्यक्ति वार्षिक औषत आय(USD 1362= NPR 180,000) भन्दा कम हुन पर्छ। हरित काम गर्नका लागि पर्याप्त जमिन र जनशक्ति हुनपर्छ।

६. सम्भावित युवा उद्यमिसंग आफ्नो परिवारका सदस्यहरुको सहमति र समर्थन हुनुपर्छ।

७. नेपाली नागरिकता प्राप्त गरको र नेपालको संविधान बमोजिम नागरिकता लिनको लागि उपयुक्त उमेर पुगेको हुँनुपर्छ।

८.युवाहरुले विगत/वर्तमानमा हरित कार्य संचालन गर्न अन्य संस्थाबाट कुनै सहयोग प्राप्त नगरेको हुँनुपर्छ।

९. कोभिड-१९, पानि जन्य प्रकोप /जलवायु संकट (जस्तै मौसमि वर्षाका कारण ) र पानिको कमिबाट पिडित भएका परिवारका इच्छुक युवाहरु हुनुपर्छ।

१०. लैगिंक हिंसाबाट पिडित युवाहरु र अपाङ्गता भएका व्यक्तिलाइ प्राथमिक्ता दिनुपर्छ।

११. इच्छुक युवा वा परिवारहरुले कुल अनुमानित बजेटको कम्तिमा ३० प्रतिशत हरित रोजगारीमा लगानि गर्न इच्छुक हुँनुपर्छ।

१२. इच्छुक युवाहरुलाइ कुनै पनि वित्तिय संस्थाबाट आर्थिक बेइमानि वा ठगि गरेर कालो सुचिमा राखेको हुँनुहुदैन।

सम्भावित/सम्भावित हरियो रोजगार/अवसरहरुको सुचि

- जैविक ताजा तरकारी उत्पादन, अर्गानिक बिउ उत्पादन, मौसमि तरकारी खेति /पोलि हाउस खेति जस्ता कृषिमा आधारित उद्यमहरु।
- कृषिमा आधारितः माछापालन, एकिकृत माछापालन, व्यवसायिक मौरिपालन,च्याउ खेति
- बहुउदेश्य नर्सरी खेति, बगैंचा फलफुल, फूल र जडिबुटि खेतिमा आधारित उद्यम।
- मोरिङ्गा, केरा, बेसार,अदुवा, कुरिलो, भर्मि कम्पोष्टिडमा आधारित उद्यम
- बाँसको हस्तकला (बासको कुर्चि, औजार, बासको बिन बनाउने र अन्य सजावट सामाग्रि)
- साल र अन्य पात प्लेटको उत्पादन, इन्टरलक इट उत्पादन, बायो ब्रिकेट
- ठोस फोहर व्यवस्थापन,3R (reduce reuse recycle) प्लास्टिक रिसाइकल र उत्पादन व्यवसाय
- नविन सोचका साथ हरित रोजगारी व्यवसाय संचालन गर्न इच्छुक युवाहरु -व्यक्तिगत वा समुहमा काम गर्न पनि इच्छुक

**आवेदन दस्तुरः** रु.१०० को समावेश गर्नुपर्नेछ।

**आवश्यक कागजातः** नेपाली नागरिकताको प्रतिलिपी, व्यवसायिक भए सो को प्रमाण-पत्र।

ऋषिराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत